छलफल तथा निर्णयहरु

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयवाट आयोगको प्रतिक्रिया माग भइ आएको "तत्काल समस्या समाधान सम्बन्धी नियमावली,२०७५" को मस्यौदाका सम्बन्धमा देहाय वमोजिम प्रतिक्रिया / सुझावहरु पठाउने,

क) अनुगमन तथा मूल्याङ्कन सम्बन्धमा राष्ट्रिय विकास समस्या समाधान समिति र मन्त्रालय तथा केन्द्रीय स्तरका निकायहरुमा रहेको मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिलाई नै सुदृढ र प्रभावकारी वनाउँदै सोही संयन्त्रहरुमार्फत प्रस्तावित तत्काल समस्या समाधानका लागि कार्यगत व्यवस्था गर्ने।

ख) नियम २(च) 'तत्काल समस्या समाधान गर्नुपर्ने विषय' अन्तर्गत आयोगका अध्यक्ष एवं सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा बस्ने राष्ट्रिय विकास समस्या समाधान समितिले निर्देशन गरेका विषयहरु समेत समावेश गर्ने ।

ग) नियम ३ मा उल्लिखित उच्चस्तरीय समितिको संरचनामा आयोगको प्रतिनिधित्व समेत रहँदा समन्वय र सहजीकरणमा प्रभावकारिता आउने भएकाले आयोगको उपाध्यक्ष समेत रहने व्यवस्था गर्ने ।

घ) नियम ६ मा 'उच्चस्तरीय समिति आफैंले पहिचान गरेका विषयहरु' थप गर्नुपर्ने ।

ङ) परिच्छेद - ३मा 'कार्यगत व्यवस्था' अन्तर्गत 'मन्त्रालयस्तरीय समस्या समाधान निर्देशक समिति' को सट्टा मन्त्री वा संवैधानिक निकायका प्रमुखको अध्यक्षतामा रहेको विद्यमान 'मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति' लाई नै क्रियाशील गराउने । एउटै प्रकृतिको कार्यका लागि दोहोरोपना हुने गरी थप संयन्त्र खडा नगर्ने । यदि राख्ने पर्ने भएमा उक्त समितिमा आयोगका सम्वन्धित विषयक्षेत्र हेर्ने माननीय सदस्यसमेत रहने व्यवस्था गर्ने।

च) केन्द्रीय निकायहरुमा रहने प्रस्तावित तत्काल समस्या समाधान कक्षको जिम्मेवारी तथा कार्यलाई विद्यमान योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा वा उपयुक्त महाशाखा भित्र भैरहेकै संरचनामार्फत गराउने व्यवस्था गर्दा प्रस्तावित कार्यको संस्थागत विकास र प्रभावकारिता अभिवृद्धि हुने ।

छ) विभागीय प्रमुख, आयोजना प्रमुख, तत्काल समाधान कक्षका प्रमुखले सरुवा, बढुवा वा अन्य कुनै कारणले स्थानान्तरण हुँदा प्रतिवेदन तयार गरी हस्तान्तरण गर्ने व्यवस्था गर्ने ।

ज) नियम १२ (३) मा भएको समान तहका पदाधिकारीविच निर्देशन दिने व्यहोरा पुनरावलोकन गर्ने ।

झ) भाषा संयोजन एवं शुद्धाशुद्धि गर्नुपर्ने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयवाट कर्णाली विकास आयोग विघटन गर्ने सम्वन्धमा आयोगको राय माग भई आएकोमा नेपालको संविधान जारी भएसँगै मुलुकमा संघीय शासन व्यवस्था अनुरुप संघ, प्रदेश र स्थानीय तहका सरकारहरु गठन भई संविधान प्रदत्त अधिकार र जिम्मेवारी संपादनका लागि क्रियाशील भैसकेको र प्रदेशस्तरीय योजना आयोगजस्ता निकाय गठन गर्ने गरी नीतिगत व्यवस्था भैसकेकोले कर्णाली विकास आयोग जस्ता प्रकृतिका आयोगलाई निरन्तरता दिन सान्दर्भिक नदेखिएको राय पठाउने ।

३. चौधौं योजनाको मध्यावधि समिक्षाका लागि आर्थिक व्यवस्थापन महाशाखावाट प्रस्तुत गरिएको कार्यक्षेत्रगत शर्त (Terms of Reference) लाई वैठकमा प्राप्त सुझावहरु समेत समेट्ने गरी स्वीकृत गर्ने ।

४. दीर्घकालीन सोचसहितको पन्ध्रौं योजना तर्जुमासम्वन्धी कार्यका लागि आर्थिक व्यवस्थापन महाशाखाले सवै महाशाखा तथा केन्द्रीय तथ्याङ्क विभाग समेतको समन्वयमा कार्ययोजना तयार गरी आगामी वैठकमा पेश गर्ने । यस कार्यमा सम्वन्धित विषयगत क्षेत्र हेर्ने माननीय सदस्यहरुले आ-आफ्नो विषय क्षेत्रको अवधारणा-पत्र तयार गर्ने ।

५. राष्ट्रिय योजना आयोगले आगामी आ.व.मा चौधौं योजनाको मध्यावधि समिक्षा, दीर्घकालीन सोचसहितको पन्ध्रौं योजना तर्जुमा, नेपाल मानव विकास प्रतिवेदन तयारी लगायतका अत्यन्तै महत्वपूर्ण कार्यहरु गर्नुपर्ने भएकोले आयोगको सहमति विना आयोगका कर्मचारीहरु सरुवा नगर्ने व्यवस्थाका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखी पठाउने ।